# सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७७

स्वीकृत मिति: २०७७।०७।२३
प्रमाणीकरण मिति: २०७७।०९।०७

## प्रस्तावना :

सहकारी आन्दोलनको विकास एवं सहकारी संस्थाको व्यवसाय विस्तारकालागि वराहक्षेत्र नगरपालिकाबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शि र प्रभावकारी तुल्याउन बाञ्छनीय भएकोले, बराहक्षेत्र नगरपालिका सहकारी  ऐन, २०७४ दफा १०१ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१.संक्षिप्त नाम तथा प्रारम्भ :** १) यस निर्देशिकाको नाम सहकारी संस्थालाई अनुदान प्रदान गर्ने निर्देशिका, २०७७ रहेको छ ।

२) यो निर्देशिका वराहक्षेत्र नगर कार्यपालिकावाट पारित भएपछि लागु हुनेछ ।

**२.परिभाषा** :

क) आयोजना भन्नाले दफा ३ को उपदफा २ बमोजिम संस्थाले सञ्चालन गर्ने प्रस्ताव गरेको आयोजना संझनुपर्दछ ।

ख) निर्देशक समिति भन्नाले दफा  १५ को उपदफा १ बमोजिम को निर्देशक समिति सम्झनु पर्दछ ।

ग) प्रस्ताव मुल्यान्कन समिति भन्नाले दफा  १३ को उपदफा १ बमोजिमको समिति सम्झनु पर्दछ ।

घ) मुख्य कारोवार भन्नाले संस्थाले सञ्चालन गरेका व्यवसायिक क्रियाकलापहरुमध्ये कुल बार्षिक कारोवारका पचास प्रतिशत भन्दा वढी हिस्सा भएको कारोवार सम्झनु पर्दछ ।

ङ) विनियम भन्नाले सहकारी संस्थाको विनियमलाई सम्झनु पर्दछ ।

च) समिति भन्नाले सञ्चालक समिति संझनु पर्दछ ।

छ) सधारण सभा भन्नाले संस्थाको साधारण सभा संझनु पर्दछ ।

ज) संस्था भन्नाले सहकारी संस्था संझनु पर्दछ ।

## परिच्छेद -२

## अनुदान सम्बन्धी व्यवस्था

**३.अनुदान दिन सक्ने :** १) संस्थाको आयोजना सञ्चालन गर्न बराहक्षेत्र न.पा.ले देहाय बमोजिम अनुदान दिन सक्नेछ ।

क) बीउपुँजी अनुदान

ख) पुँजीगत अनुदान

२) उपदफा १ बमोजिम अनुदान दिँदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिने छ :-

क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई सामूहिक वा व्यक्तिगत रुपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

ख) कृषि सहकारी संस्थाले दीर्घकालीन रुपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

ग) कृषि सहकारी संस्थाले आफ्ना सदस्यहरुको उपज संकलन, संचय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

घ) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु विक्री वितरण गर्ने आयोजना र

ङ) विषयसँग सम्बन्धित सहकारी संस्थाले सङ्गठित भई सामूहिक रुपमा संचालन गर्ने सुपथ मुल्यको सहकारी पसल, शितघर, स्रोत केन्द्र, थोक केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत्, भारी उपकरण, कृषि औजार कारखाना लगायतका साझा उपयोगका आयोजना ।

**४. बीउ पुँजी अनुदान प्रदान गर्न सक्ने :** १. बराहक्षेत्र न.पा.ले संस्थालाई दफा ३ को उपदफा २ को खण्ड (क) वा (ख) बमोजिमको आयोजना सञ्चालन गर्न बीउपुँजी अनुदान प्रदान गर्न सक्नेछ ।

**५.पँजीगत अनुदान प्रदान गर्न सक्ने :** दफा ३ को उपदफा २ को खण्ड (क), (ख), (ग), (घ),र (ङ) मा उल्लिखित आयोजना सञ्चालन गर्न वराहक्षेत्र न.पा. ले संस्थालाई देहाय बमोजिम पुजीगत अनुदान दिन सक्नेछ :

१) प्रस्तावित आयोजनाको कुल स्थीर पुँजी आवश्यक्ताको ५० प्रतिशत सम्म ।

२) उपदफा १ बमोजिम कार्यान्वयन गर्न एक वर्ष भन्दा वढी अवधी लाग्ने प्रकृतिका आयोजना बहुबर्षिय रुपमा स्विकृत गर्न सकिनेछ ।

**६. कार्यक्रम अनुदान प्रदान गर्न सक्ने :** वराहक्षेत्र नगरपालिका भरि सञ्चालन भएका सहकारी संस्थाहरुको क्षमता विकास लगायतका जिल्ला तहका सघ वा वराहक्षेत्र समन्वय समितिलाई वजेट तथा कार्यक्रममा सममावेश गरी कार्यक्रम सञ्चालन अनुदान प्रदान गर्न सकिनेछ ।

**७. सदस्य केन्द्रित भई व्यवसाय सञ्चालन गर्नुपर्ने :** (१) यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भए सम्म देहाय बमोजिम सदस्य केन्द्रित व्यवसाय संचालन गर्नु पर्नेछ :-

क) उत्पादनमूलक संस्थाले सदस्यहरुको मात्र उपज खरिद गर्नुपर्ने,

ख) उपभोक्ता संस्थाले सदस्यहरुलाई आवश्यक वस्तु वा सेवा मात्र विक्री गर्नुपर्ने,

ग) रोजगारीमूलक संस्थाले सदस्यहरुलाई मात्र रोजगारी दिनुपर्ने,

(२) यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यो दफा लागू हुने छैन ।

**८. अनुदान उपलव्ध गराइने :** १) अन्यत्र दफामा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलव्ध गराइने छैन ।

क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

ख) संचालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

ग) नियमित रुपमा वार्षिक लेखापरिक्षण नगराएको,

घ) लेखा समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

च) कार्यक्षेत्रभन्दा बाहिर गई बारोबार संचालन गरेको,

छ) कर चुक्ता प्रमाणपत्र नभएको,

ज) संस्था दर्ता भई कम्तिमा दुई वर्ष पूरा नभएको ।

तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ ।

२) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्ने छैन ।

## परिच्छेद - ३

## अनुदान प्रदान गर्ने प्रक्रिया

**९. सुचना प्रकाशन गर्नुपर्ने :** १. प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र कार्यालयले निर्देशन समितिबाट तय भए बमोजिम वित्तिय अनुदानको लागि आयोजना प्रस्ताव पेश गर्न कुनै राष्ट्रिय दैनिक वा स्थानिय पत्रिकामा कम्तीमा पैतिस दिनको अवधि दिई सूचना प्रकाशन गर्नुपर्ने छ ।

२. त्यस्तो सुचना कार्यालयको सुचनापाटी तथा वेवसाइटमा समेत राख्नु पर्नेछ ।

**१०. सोझै प्रस्ताव लिन सकिने :** दफा ९ मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ६ मा उल्लेखित वार्षिक बजेट र कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि कार्यालयले पन्ध्र दिनको समय दिई सोझै प्रस्ताव माग गर्न सक्नेछ ।

**११. दरखास्त पेश गर्नुपर्ने :** यस निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ९ बमोजिम प्रकाशित सुचनामा दिइएको अवधि भित्र अनुसुचि १ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ :-

क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख) संस्थाको विनियमको प्रतिलिपि,

ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

घ) कर चुक्ताको प्रमाणपत्र,

ङ) आयोजनाको प्रस्ताव,

च) संस्था नविकरण प्रमाणपत्रको प्रतिलिपि,

छ) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

ज) संचालक समितिका पदाधिकारीको नाम, ठेगाना र सर्म्पक टेलिफोन नम्वर खुलेको विवरण,

झ) २० लाख रुपैयाँ भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा कम कुल लागत भएको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

ञ) जग्गा प्राप्त गर्नुपर्नेमा प्राप्तिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

ट) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात,

ठ) अनुसूचि २ बमोजिमको विवरण ।

**१२. प्रारम्भिक छानविन गर्ने :** (१) दफा ११ बमोजिम प्राप्त दरखास्त उपर सम्बन्धित कार्यालयले प्रारम्भिक छानविन गर्नेछ ।

(२) उपदाफ (१) बमोजिम छानविन गर्दा सम्बन्धित कार्यालयले अनुसूची ३ बमोजिमको प्रारम्भिक जाँचसूचीको आधारमा कार्यालयमा उपलब्ध अभिलेख भिडाउनुका साथै स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

३) उपदफा (२) वमोजिमको छानविन गर्दा उपदफा (२) बमोजिमको जाँचसूची मध्ये कुनैमा असफल भएको पाइएमा सम्बन्धित कार्यालयले त्यस्तो दरखास्त स्वीकृत नहुने व्यहोराको जानकारी सम्वन्धित संस्थालाई गराउनु पर्नेछ ।

(४) उपदाफा (२) बमोजिम छानविन गर्दा यस निर्देशिका बमोजिम अनुदान उपलब्ध गराउन मिल्ने देखिएमा सम्बन्धित कार्यालयले उपदफा (२) बमोजिमको जाँचसुची सहित छनौटका कार्यक्रम तथा बजेट समेत प्रस्ताव गरी अनुदान उपलब्ध गराउन विभागमा सिफारिस गर्नु पर्नेछ ।

(५) दरखस्त छानविनका सिलसिलमा आवश्यक अन्य कुरा निर्देशन समितिले तोके बमोजिम हुनेछ ।

**१३.प्रस्ताव मुल्यान्कन गर्ने** : १) दफा १२ को उपदफा ४ बमोजिम प्राप्त प्रस्तावको मूल्यानकन गरी सिफारिस गर्न कार्यालयमा देहाय बमोजिमको प्रस्ताव मुल्यान्कन समिति रहनेछ :

क) आर्थिक विकास समिति- संयोजक

ख) प्रमूख प्रशासकीय अधिकृत - सदस्य

ग) लेखा अधिकृत - सदस्य

च) सदस्य सचिव : आर्थिक विकास शाखाको प्रमुख

(२) मूल्यङ्कन प्रयोजनका लागि कार्यालयले दफा ९ बमोजिमको सूचनाको म्यादभित्र कार्यालयमा दर्ता भई त्यस्तो कार्यालयबाट दफा १२ को उपदफा (४) बमोजिम सिफारिस गरी पठाइएका सबै दरखास्तहरु प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ ।

३ मुल्याङ्कन गर्दा प्रस्ताब मुल्याङ्कन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्याइएको बजेटको सिमाभित्र रहि प्रत्येक प्रस्तावलाई अनुसुची ४ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ ।

**<u>१४. आयोजना प्रस्ताव स्विकृति</u> :** १) दफा १३ बमोजिम प्रस्ताव मूल्याङ्कन समितिवाट सिफारिस भएको प्रस्ताव स्वीकृतिका लागि प्रमुख प्रशासकिय अधिकृतले निर्देशन समिति समक्ष पेश गर्नुपर्नेछ ।

२) उपदफा १ बमोजिम प्राप्त आयोजना प्रस्तावमा विचार गरी निर्देशन समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृतिकालागि प्राप्त आयोजना प्रस्ताव यस निर्देशिका बमोजिम भएको नदेखिएकोमा निर्देशन समितिले देहाय बमोजिम गर्नेछ :

क) तात्विक प्रकृयागत वा अन्य त्रुटी देखिएकोमा पुनः मूल्यानकनका लागि कुनै वा सबै प्रस्ताव मूल्यान्कन समितिमा फिर्ता पठाउने वा

ख) निर्देशन समितिबाट उपसमिति बनाई पुनरावलोकन गराउने ।

४. यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्देशन समितिले आवश्यक देखेमा जुनसुकै उपयुक्त आयोजनालाइ कुनै सर्त, वन्देज तोकी प्रस्ताव स्वीकृति गर्न सक्नेछ ।

**<u>१५ निर्देशन समिति गठन</u> :** १) यस निर्देशिका बमोजिम आयोजना प्रस्तावहरुको स्वीकृति गर्ने तथा तत्सम्वन्धमा आवश्यक निर्देशन एवं समन्वयकालागि कार्यालयमा देहायबमोजिमको निर्देशन समिति रहनेछ ।

क) नगर प्रमुख : संयोजक

ख) नगर उप प्रमुख : सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृतः सदस्य सचिव

२) निर्देशन समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

३) निर्देशन समितिले अनुदानको लागि स्वीकृत गरेका संस्थाका आयोजना प्रस्तावको विवरण कार्यपालिकलाई उपलब्ध गराउनु पर्नेछ ।

४) निर्देशन समितिले अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक सर्त निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद - ४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

**१६. जानकारी दिनुपर्ने :** (१) दफा १४ को उदफा (२) बमोजिम निर्देशन समितिबाट आयोजना प्रस्ताव स्वीकृत भएको विवरण प्राप्त भएपछि आयोजना प्रस्ताव स्वीकृत हुने संस्था कार्यालयको क्षेत्राधिकार भित्र भए सम्बन्धित कार्यालय मार्फत र नभए सोझै सम्बन्धित संस्थालाई सोको जानकारी दिनु पर्नेछ । त्यसरी आयोजना प्रस्ताव स्वीकृत भएको सूचना विभागको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम जानकारी गराउँदा कम्तीमा पन्ध्र दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्नेछ ।

तर कुनै विशेष अवस्था परी केहि दिन ढिलो भए तापनि सम्भौता गर्न बाधा पर्ने छैन ।

**१७. सम्झौत गर्नुपर्ने :** यस निर्देशिका बमोजिम संस्थालाई अनुदान प्रदान गर्दा बराहक्षेत्र नगरपालिकाले सम्झौत गर्नेछ ।

**१८. भुक्तानी विधि :** (१) यस निर्देशिका बमोजिम संस्थालाई उपलब्ध गराइने वित्तीय अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछ :-

(क) सम्झौता भएपछि पचास प्रतिशतसम्म र

ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिल सहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

(२) उपदफा (१) बमोजिम संस्थालाई प्रदान गरिने रकम अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालयबाट भुक्तानी दिइनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना संचालन गर्दा आवश्यक पूर्वतयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पूरा नगरेसम्म र निर्देशन समितिले दफा १४ को उपदफा (४) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन ।

**१९. सार्वजनिक खरिद ऐन लागू हुने** : यस निर्देशिका बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

**२०. वित्तिय अनुदानको सदुपयोग गर्नुपर्ने** : (१) संस्थाले वित्तिय अनुदानको रकम दफा ४, ५ र ६ बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनका लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधीएको वित्तिय अनुदानको रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

**२१. प्रतिवेदन दिनुपर्ने** : संस्थाले यस निर्देशिका बमोजिम प्राप्त गरेको वित्तिय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालयमा पेस गर्नु पर्नेछ:-

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिन भित्र र

(ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र ।

**२२. अनुगमन गर्नुपर्ने** : (१) कार्यालयले यस निर्देशिका बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी शाखाबाट हुने अनुगमनका अतिरिक्त आवश्यकता अनुसार बराहक्षेत्र नगरपालिका वा आर्थिक विकास समिति समेत अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको प्रतिवेदन कार्यालयले तोकेको ढाँचामा दिनुपर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम गरिने अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

**२३. अनुदान रोक्का गर्न सक्ने** : (१) दफा २२ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तिय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै सर्त पालना गरेको नपाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा कार्यालयले मुनासिव समय दिई देहाय बमोजिम गर्न सक्नेछ :-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

ग) सम्झौताको सर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा कार्यालयले आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यालयले सिस्ता रोक्का राखेको वा फुकुवा गरेको जानकारी कार्यपालिकालाई गराउनु पर्नेछ ।

**२४. असुल उपर गरिने :** दफा २२ बमोजिम अनुगमन गर्दा यस निर्देशिका बमोजिम संस्थालाई प्रदान गरिएको वित्तिय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

**२५. सफाई पेस गर्ने मौका दिनुपर्ने :** दफा २३ बमोजिम अनुदान रोक्का राख्नुपर्दा वा दफा २४ बमोजिम रकम असुल उपर गर्नुपर्दाको अवस्थामा सम्वन्धित संस्थालाई सफाई पेश गर्ने मुनासिब माफिकको समय दिनुपर्नेछ ।

**२६. वित्तीय अनुदानको लेखापरीक्षण :** (१) संस्थाले यस निर्देशिका बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण सहकारी ऐन, २०७४ मा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाईहरु यस निर्देशिका बमोजिम अलग्गै रुपमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि कार्यालय पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा कार्यालयले तत्तसम्बन्धमा छानविन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

# परिच्छेद - ५

## विविध

**२७. साधारण सभालाई जानकारी गराउनु पर्ने** : यस निर्देशिका बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

**२८. विवरण सार्वजनिक गर्नुपर्ने** :(१) संस्थाले बराहक्षेत्र नगरपालिकाबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी आयोजना स्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम नेपाल सरकारका साथै संस्थाको प्रयोजनगत योगदान र अद्यावधिक खर्चका महलहरु राख्नु पर्नेछ ।

**२९. व्याख्या गर्ने अधिकार** : यस निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा निर्देशिकाको भावना र मर्मको प्रतिकूल नहुने गरी कार्यालयले व्याख्या गर्न सक्नेछ ।

**३०. खारेजी र बचाउ** : यस नगरपालिकाबाट सहकारी संस्थालाई दिईने जुनसुकै किसिमका छुट सुविधा वा अनुदानहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ ।

## अनुसूचि १

## (दफा ११ संग सम्वन्धित)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

नगर कार्यपालीकाको कार्यालय, चक्रघट्टी, सुनसरी ।

विषय - वित्तीय अनुदानको लागि प्रस्ताव पेश गरिएको ।

बराहक्षेत्र नगरपालिका, आर्थिक विकास शाखावाट मिति ....................मा प्रकाशित सूचना अनुसार संघ/संस्थाले बराहक्षेत्र नगरपालिकाको वित्तीय अनुदान समेतमा आयोजना संचालन गर्ने गरी मिति ................ साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएको कागजात संलग्न राखि अनुसुचि २ बमोजिमको विवरण खुलाई यो दरखास्त पेश गरिएको छ ।

सहकारी संस्थाहरुलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७७ का सर्त, बन्देजहरु पालना गर्न यो संस्था मन्जुर छ ।

..........................

अध्यक्ष

नामथर :

संस्थाको नाम, ठेगानाः

संस्थाको छापः

**प्रमाणित गर्नेको :**

**दस्तखत :**

**नाम, थर : राजेश प्रसाद पोखरेल**

**पद : प्रमुख प्रशासकीय अधिकृत**

**मिति : २०७७।०९।०७**